लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
**बाँके**

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email:** akcbanke@gmail.com
**Website:** akcbanke.gov.np


पत्र संख्या: २०८०/८१
च.नं.: ८५९

मिति: २०८१/०२/०६

विषय: सूचना प्रकाशन सम्बन्धमा ।

श्री स्थानीय तह सबै
बाँके

प्रस्तुत विषयमा, यस केन्द्रको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मिति २०८१/०२/०६ गते प्रकाशित **उन्नत बिउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम** सम्बन्धी सूचना थान १ (एक) यसै पत्रका साथ पठाइएको छ । उक्त सूचना तहाँ पालिका, मातहतका वडा कार्यालयहरु तथा कृषि शाखाको सूचना पाटीमा टाँस गरी दिनुहुन अनुरोध छ ।

२०८१/०२/०६
शकिल अहमद
निमित्त कार्यालय प्रमुख

**बोधार्थ**
श्री कृषि विकास निर्देशनालय, रुपन्देही

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.gov.np

पत्र संख्याः २०८०/८१

## उन्नत बिउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!

(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०६ गते)

यस केन्द्रको आ.व. २०८०/८१ को स्विकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक बांके जिल्ला भित्रका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/०२/२० गते) भित्र कार्यालय समयमा यस कार्यालयमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । यस कार्यक्रम सम्बन्धी निर्देशिका "बीउ बिजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८" यस केन्द्रको वेबसाइट (akcbanke.gov.np) बाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०८१-५३०२२५/०८१-५३००२७ मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क.स | कार्यक्रमको नाम | मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| १. | उन्नत बिउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम | • विद्युतीय बीउ व्यवस्थापन प्रणाली DESES मा तोकिए अनुसार स्रोत बीउ खरिद र उन्नत बीउ उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने | बाँके जिल्ला भर | • मोटो तथा मध्यम स्तर जातहरुका लागि प्रति किलो रु. १५/- <br> • मसिनो जातहरुका लागि प्रति किलो रु. २०/- |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन ।

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।

२०८१/०२/०५
शकील अहमद
निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email:** akcbanke@gmail.com
**Website:** akcbanke.gov.np

पत्र संख्याः २०८०/८१

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि तथा बैंक खाताको चेक ।

४. बीउ बिजन कारोबार सम्बन्धी अनुमति पत्रको प्रतिलिपि।

५. स्रोत बिउ खरिदको विवरण (बिल) ।

६. बीउ बाली निरीक्षण तथा सम्पूर्ण बीउ विश्लेषण प्रतिवेदनको प्रतिलिपि ।

७. उन्नत बीउ विक्री भएको बिल ।

८. बीउ खरिद गर्ने सम्बन्धित स्थानीय तह वा कार्यालयको सिफारिस पत्र ।

९. कार्यक्रममा सहभागी हुन तथा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।

१०. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

११. पेश गरिने सम्पूर्ण प्रतिलिपि कागजातमा बीउ उत्पादकको तर्फबाट आधिकारिक व्यक्तिको हस्ताक्षर तथा छाप लगाएर प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

२०८०/१०/०६
शकील अहमद
निमित्त कार्यालय प्रमुख